निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं २ : प्रस्ताव नं.२ माथि छलफल गर्दा यस गाउँपालिकाको स्विकृत बार्षिक बिकास कार्यक्रम अन्तर्गत ५०% अनुदानमा खानेपानी पाइप वितरण गर्ने सम्बन्धमा सूचना प्रकाशन गरि माग निवदेन संकलन गरेकोमा प्राविधिक लागत अनुमान तथा उपलब्ध स्रोतको अधिनमा रहने गरि सम्बन्धित खानेपानी तथा सरसफाई शाखाबाट सिफारिस भई आए बमोजिम नापी किताब तथा जडान सम्पन्न गर्ने गरि सोधभर्ना भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो। (अनुसूची १)

निर्णय नं ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको स्विकृत बार्षिक बिकास कार्यक्रम अन्तर्गत ५०% अनुदानमा प्लाष्टिक पोखरी तथा प्लाष्टिक टनेल लाभग्राही छनौट सम्बन्धमा कृषि विकास शाखाबाट सिफारिस भई आए बमोजिम प्लाष्टिक टनेलको हकमा माग संख्या बमोजिम लाभग्राहीको निवदेन कम पर्न आएकोले माग निवेदन बमोजिम नै उपलब्ध गराउने तथा प्लाष्टिक पोखरीको हकमा तपशिल अनुसार हुने गरि संख्या निर्धारण गरि सम्बन्धित वडा समितिको निर्णयानुसार लाभग्राही छनौट गरि कार्यान्वयन प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

तपशिलः

| सि.नं. | वडा नं. | प्लाष्टिक पोखरी पाउनेको संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | १ | |
| २ | २ | १ | |
| ३ | ३ | ० | |
| ४ | ४ | ५ | |
| ५ | ५ | ३ | |
| ६ | ६ | ३ | |
| | जम्मा | १३ | |

निर्णय नं ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको पहुँच मार्ग निर्माण गर्नको पालिकाको आन्तरिक स्रोतबाट मात्र सम्भव नभएकोले उक्त पालिका पहुँच मार्ग निर्माणको लागि शहरी विकास मन्त्रालय,स्थानीय पूर्वाधार विकास विभागमा आवश्यक बजेट माग गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा तिनाउ गाउँपालिका वडा नं १ मा अवस्थित श्री युवा बर्ष माध्यमिक विद्यालयले आवासिय छात्रावास सञ्चालनको लागि माग निवेदन पेश गरेकोमा लागत अनुमान सहितको प्रस्तावना पत्र तथा खर्च विश्लेषण तयार गरि आगामी बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु सर्वसम्मत रुपले गरियो।

क. तिनाउ गाउँपालिका वडा नं ४ मा अवस्थित श्री गिजनचौर प्रा वि मा इन्टरनेट जडान तथा विस्तार गर्नु पर्ने भएकोले पाल्पा स्पेश केबललाइ पत्राचार तथा सिफारिस गर्ने।

ख. यस गाउँपालिकाको स्विकृत बार्षिक विकास कार्यक्रम अन्तर्गतको ज्येष्ठ नागरिक लक्षित कार्यक्रम अन्तर्गतको ज्येष्ठ नागरिरक अवलोकन भ्रमणको क्रममा विनियोजित बजेट भन्दा बढी ब्ययभार पर्न

गएकोले थप भएको बढी व्यय रु.५९,५००। अक्षेरुपी उन्साठी हजार पाँच सय मात्र। विविध खर्च शिर्षक (२२७११) बाट व्यहोर्ने गरि कार्यक्रम फरफारक गर्ने।

ग. चाइना स्टेट कम्पनी द्धारा सिद्धबाबा सुरुङ मार्ग आयोजना कार्यान्वयन गर्ने क्रममा यस गाउँपालिकाको कार्यक्षेत्रमा मापदण्ड विपरित क्रसर सञ्चालन गरिरहेको अवस्थामा पालिकाबाट पटक पटक मापदण्ड बमोजिम सञ्चालन गर्न जानकारी गराउँदा समेत पनि आनाकानी गरिरहेकोले उक्त क्रसर बन्द गराइ पर्यावरणीय अनुकुल तथा प्रचलित मापदण्ड कायम गर्नको लागि आवश्यक प्रकृया अगाढी बढाउने निर्णय गरियो। साथै यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालय,पाल्पा,जिल्ला समन्वय समितिको कार्यालय,पाल्पा र सिद्धबाबा सुरुङ मार्ग निर्माण आयोजनालाई समेत जानकारी गराउने निर्णय गरियो।